# सिरानचोक गाउँपालिका

## छोप्राक, गोरखा

## स्थानीय राजपत्र

## सिरानचोक गाउँपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

### प्रस्तावना

नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था भएकोले राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, विपन्न मुस्लिम तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाती तथा समुदायका विपन्न वर्गलाई आवासको व्यवस्थाको लागि आर्थिक बर्ष २०६६।६७ देखि व्यवस्था भएको बजेट तथा कार्यक्रमलाई नेपाल सरकारले "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" बमोजिम कार्यान्वयन गर्दै आईरहेकोमा आ.व. २०८०/८१मा गण्डकी प्रदेश बाट विनियोजित कार्यक्रम "जनता आवास कार्यक्रम प्रदेश ४ को गोरखा" कार्यान्वयनका लागि यस सिरानचोक गाउँपालिकामा यस कार्यविधि बनाइ जारी गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "**सिरानचोक गाउँपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**" रहेको छ ।

(२) यो कार्यविधि सिरानचोक गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले सिरानचोक गाउँपालिका सम्झनु पर्छ।

(ख) **"जनता आवास पालिका समन्वय समिति"** भन्नाले दफा ११ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ग) **"कार्यक्रम कार्यान्वयन इकाई"** भन्नाले दफा १० को उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन इकाई सम्झनु पर्छ।

(घ) **"जनता आवास"** भन्नाले स्वीकृत डिजाईन अनुसारका आवास इकाई सम्झनु पर्छ ।

(ङ) **"कार्यक्रम"** भन्नाले जनता आवास कार्यक्रम सम्झनु पर्छ ।

(च) **"आवास इकाई"** भन्नाले लाभग्राही घरधनीले पाउने घर सम्झनु पर्छ ।

(छ) **"उपभोक्ता समिति"** भन्नाले दफा १४ बमोजिमको समिति सम्झनु पर्छ ।

(ज) **"लाभग्राही"** भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्छ ।

(झ) **"लक्षित वर्ग"** भन्नाले कार्यक्रम लागू हुने स्थानमा विगत देखि स्थायी रुपमा बसोबास गरेका राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, विपन्न मुस्लिम तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न वर्ग सम्झनु पर्छ ।

(ञ) **"अनुगमन"** भन्नाले पालिका स्तरीय अनुगमन समिति र वडा स्तरीय अनुगमन समिति सम्झनु पर्छ ।

(ट) **"प्रदेश सरकार"** भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

## परिच्छेद २

### <u>लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल</u>

३. <u>लक्षित वर्गको पहिचानः</u>

(१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ ।

(क) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा आफू विगत देखि सो स्थानमा बसोबास गरी आएको भन्ने स्थानीय तहको सिफारिस,

(ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(ङ) सम्बन्धित वडाले लक्षित वर्गभित्र परेको भनी गरेको सिफारिस ।

(२) उपदफा (१) बमोजिमको लक्षित वर्गको पहिचानको लागि उल्लेखित बुदाँको क, ख, ग मध्ये कुनै एक मात्र आधार लिई सो को पहिचान गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम लक्षित वर्गले उपदफा (१)मा उल्लेखित कागजात सहित अनुसूची-१ वमोजिमको ढाचाँमा निवेदन पेश गर्नुपर्नेछ।

**४. <u>लाभग्राहीको छनौटका आधारः</u>**

(१) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुइँ, गारो, तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची-२ बमोजिम अङ्क प्रदान गरिने छ ।

तर अनुसूची-२ को क्रमसंख्या ४,५ र ७ बाट कुनै अङ्क प्राप्त नगर्नेलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने घरधनी देखि न्यूनतम ३५ अङ्क प्राप्त गर्नेलाई मात्र क्रमैसँग लाभग्राहीको रुपमा छनौट गरिनेछ ।

(३) लाभग्राहीको छनौट जनता आवास पालिका समन्वय समितिले कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन इकाईलाई सिफारिस गर्नेछ।

(४) उपदफा (२) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(५) सगोलमा रहेका परिवारले एक आवास मात्र पाउने छन् ।

**५. <u>कार्यक्रम कार्यान्वयन स्थल :</u>**

(१) साधारणतया दश लाभग्राही परिवार बसोबास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिने छ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गको घर यथास्थानमा पुनःर्निमाण हुनेगरी गरिनेछ। तर प्राकृतिक प्रकोपको जोखिममा रहेको अवस्थामा सम्भव हुने अन्य स्थानमा समेत कार्यान्वयन गर्न सकिनेछ।

(३) दफा (३) को उपदफा (२) बमोजिम पहिचान गरिएको लाभग्राही र आवास ईकाई कार्यान्वयन स्थलको जग्गा तथा अन्य विषयमा विवाद आएमा जनता आवास पालिका समन्वय समितीले गरेको निर्णय अनुसार हुनेछ।

## परिच्छेद ३

### <u>रकम तथा निर्माण सामग्री सम्बन्धित</u>

**६. <u>रकम उपलव्ध गराउनेः</u>**

(१) जनता आवास पालिका समन्वय समितिले आवास निर्माण गर्न उपभोक्ता समिति वा त्यस्तो समिती गठन नभएकोमा लाभग्राहीलाई यस कार्यविधि वमोजिम रकम उपलब्ध गराउने छ ।

(२) उपभोक्ता समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीले रकम प्राप्त गर्न कार्यक्रम कार्यान्वयन इकाईबाट सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ ।

(३) उपभोक्ता समितिलाई रकम उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम कार्यान्वयन इकाई र उपभोक्ता समिति बीच अनुसूची-४ वमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा उपभोक्ता समिति र लाभग्राहीले अनुसूची-५ वमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(५) उपभोक्ता समिति गठन नभएको अवस्थामा सोझै रकम प्राप्त गर्ने लाभग्राहीसंग कार्यक्रम कार्यान्वयन इकाईले अनुसूची–३ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(६) प्रत्येक लाभग्राही वा उपभोक्ता समितिले प्रत्येक घरको निर्माण कार्य सम्पन्न पश्चात सबै किस्ता गरी जम्मा पाउने रकम अनुसूची-६ बमोजिम हुनेछ।

(७) सम्झौता तथा खर्च सम्वन्धी सम्पूर्ण फाँटबारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी गाउँपालिकाको कार्यालयको हुनेछ ।

७. <u>निर्माण सम्पन्न भएको मानिने:</u>

सम्झौता बमोजिमको शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ ।

८. <u>लागत सहभागिता योगदान र व्यवस्थापन:</u>

(१) लाभग्राहीले कुल अनुदानको कम्तिमा दश प्रतिशत लागत सहभागिता वापत ब्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामग्री जुनसुकै हुन सक्नेछ।

(३) उपदफा (१) मा उल्लिखित लागत सहभागिता वापत लाभग्राहीले अन्तिम किस्ता भुक्तानी अगाबै कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको शौचालय निर्माणका लागि कार्यक्रम कार्यान्वयन इकाईबाट प्राविधिक सहयोग उपलब्ध हुनेछ ।

९. <u>निर्माण सामग्री उपलब्ध गराउने:</u>

(१) आवास इकाई निर्माणको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा,झ्याल, ढोका, जस्ता निर्माण सामग्री उपभोक्ता समितिले र सो समिति गठन नभएकोमा लाभग्राही आफैले खरिद गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामग्री उपभोक्ता समिति वा लाभग्राहीले खरिद गर्न नसकी गाउँ कार्यपालिकाको कार्यालयमा लिखित अनुरोध गरेमा कार्यक्रम कार्यान्वयन इकाईले त्यस्ता सामग्री उपलब्ध गराउनु पर्नेछ ।

(३) निर्माण सामग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्नेछ र कम रकम लाग्ने भएमा सोही अनुसार मूल्याङ्कन गरी भुक्तानी गरिनेछ ।

(४) कार्यक्रम कार्यान्वयन इकाइले निर्माण सामग्री उपलब्ध गराएको अवस्थामा सो सामग्री खरिद वापतको रकम कट्टा गरि बाँकी रकम लाभग्राहीलाई उपलब्ध गराउने छ।

१०. <u>कार्यक्रम कार्यान्वयन गर्ने निकायको भूमिका</u>

(१) कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुर्याउन गाउँपालिकामा देहाय वमोजिमको एक कार्यक्रम कार्यान्वयन इकाई रहनेछ।

| | | |
|---|---|---|
| क) | प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख) | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| ग) | पालिकाबाट तोकिएको पूर्वाधार विकास शाखाको कर्मचारी १ जना | सदस्य |
| घ) | अमिन | सदस्य |
| ङ) | संयोजकले तोकेको कर्मचारी १ जना | सदस्य सचिव |

(२) कार्यक्रम कार्यान्वयन इकाईको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी उपलब्ध जग्गा अनुसार आवास इकाई निर्माण कार्यको नक्शा तयार गर्ने र कार्यान्वयन गराउने,

(ख) आवास इकाई निर्माणका लागि प्राविधिक सहयोग उपलव्ध गराउने,

(ग) निर्माणाधीन आवास इकाईको अनुगमन, मूल्याङ्कन गर्ने,

(घ) सम्वन्धीत वडासँग समन्वय गर्ने,

(ङ) अध्यावधिक कार्यको नापी किताब राखी सोका आधारमा भुक्तानीका लागि जनता आवास

(च) पालिका समन्वय समितिलाई पेश गर्ने,

(छ) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी जनता आवास पालिका समन्वय समितिलाई पेश गर्ने,

(ज) कार्यक्रम सम्बन्धी जानकारी गराई लक्षित वर्गलाई परिचालन गर्ने ।

## परिच्छेद ४

### <u>समिति सम्बन्धी</u>

११. <u>जनता आवास पालिका समन्वय समिति :</u>

(१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय र व्यवस्थापन गर्नका लागि पालिका स्तरमा देहाय बमोजिमको एक जनता आवास पालिका समन्वय समिति रहने छः

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) | गाउँपालिका भौतिक पूर्वाधार समितिको संयोजक | सदस्य |

घ) कार्यापालिका सदस्य मध्ये संयोजकले तोकेको १ जना महिला सचिव
ङ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

## १२. जनता आवास पालिका समन्वय समितिको काम, कर्तव्य र अधिकारः

(१) जनता आवास पालिका समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति, बजेट तर्जुमा तथा सम्बन्धीत वडामा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा कार्यक्रम कार्यान्वयन इकाईलाई आवश्यक निर्देशन दिने,

(ग) हाल कायम रहेको प्रति आवास इकाई अनुदान फेरवदल गर्नु परेमा गाउँकार्यपालिकाको सहमति लिई गर्ने,

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनसंग सम्बन्धित निकाय बीच समन्वय गर्ने,

(च) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(छ) कार्यक्रम लागू भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ज) कार्यक्रम कार्यान्वयन इकाइले पेश गरेको प्रगतिको आधारमा रकम निकासाका लागि गाउँकार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने। अनुगमन समितीबाट अनुगमन गराई अन्तिम किस्ता भुक्तानीका लागि सिफारिस गर्ने।

(झ) लागत सहभागिता छुटका लागि उपभोक्ता समिती वा लाभग्राहीबाट मनासिब कारण तथा प्रमाण सहित अनुरोध भई आएमा रकम छुटको निर्णय गरि गाउँकार्यपालिकामा सिफारिस गर्ने।

## १३. बैठक सम्बन्धी व्यवस्थाः

(१) जनता आवास पालिका समन्वय समितिको वैठक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) जनता आवास पालिका समन्वय समितिले बैठकमा आवश्यक विज्ञ वा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सक्ने छ ।

## १४. उपभोक्ता समितिः

(१) लाभग्राहीहरुले आफ्नो आवास आफै निर्माण नगर्ने अवस्थामा न्युनतम दश लाभग्राही परिवार भएको प्रत्येक वस्तीमा देहाय वमोजिमको उपभोक्ता समिति गठन गर्न सकिनेछ।

(क) लाभग्राहीहरु मध्येबाट ७ देखि ११ सदस्यीय निर्माण उपभोक्ता समिति गठन गर्न सकिनेछ।

(२) दफा (१) वमोजिम निर्माण भएको उपभोक्ता समितिले कार्यक्रम कार्यान्वयन इकाईसँग सम्झौता गरि निर्माण कार्य गर्न जनता आवास पालिका समन्वय समितिले सिफारिस गर्नेछ।

(३) यसरी उपभोक्ता समिति गठन भइसके पश्चात उपभोक्ता समितिले कार्यक्रम कार्यान्वयन इकाईसँग निर्माण सम्झौता गरी कार्य अगाडी बढाउने छ।

**१५. <u>उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः</u>**

(१) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त निर्देशन अनुरूप निर्माण कार्य गर्ने, गराउने ।

(ख) आवास निर्माणका लागि आवश्यक निर्माण सामग्री प्राप्त गर्ने, गराउने ।

(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा लाभग्राहीसँग सहमती कायम गर्ने ।

(घ) सम्झौता वमोजिम स्वीकृत नाप नक्सा वमोजिम कार्य गराउने ।

(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने, गराउने ।

(च) लाभग्राहीले व्यहोर्ने लागत सहभागिता बापत दफा ८ को उपदफा (३) बमोजिमको कार्य गराउने ।

(छ) कार्यक्रम कार्यान्वयन इकाईको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढङ्गले संचालन गर्ने ।

(ज) स्वीकृत नाप नक्सा बमोजिम आवास इकाई निर्माण भए नभएको बारे जाँच गरी प्रत्येक किस्ता भुक्तानीको माग गर्ने ।

## परिच्छेद ५

## <u>विविध</u>

१६. **<u>निर्देशन पालना गर्नु पर्नेः</u>** जनता आवास पालिका समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धीत निकायले पालना गर्नु पर्नेछ ।

१७. **<u>विवादको समाधानः</u>** कार्यक्रम कार्यान्वयन गराउने निकाय र उपभोक्ता समिति वा लाभग्राही बीच कुनै विवाद उत्पन्न भएमा जनता आवास पालिका समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

१८. **<u>फरफारक हुनेः</u>** कुनै लाभग्राही वा उपभोक्ता समितिले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरि सोको खर्च फरफारक गरिनेछ।

१९. **<u>बेच बिखन गर्न नपाउनेः</u>** लाभग्राहीले आवास इकाई निर्माण सम्पन्न भएको मितिले दश बर्षसम्म बेचबिखन गर्न पाउने छैन ।

२०. **<u>कारबाही हुनेः</u>** आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२१. **<u>पुर्वाधारः</u>** कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र आदिको निर्माण कार्य समेत आवश्यकता अनुसार गर्न सकिनेछ ।

२२. **<u>फेरबदल गर्न सक्नेः</u>** लाभग्राहीले स्वीकृत नमुना आवास डिजाइनमा केही फेरबदल गरी कार्याक्रम कार्यान्वयन इकाइको स्वीकृती लिई निर्माण गर्न सक्नेछ। तर कम क्षेत्रफलको आवास इकाई निर्माण गरेको भएमा सोही अनुपातमा खर्च घटाई अनुदान रकम उपलब्ध गराईने छ ।

२३. **<u>सामूहिक आवास निर्माण गर्न सकिनेः</u>** (१) लाभाग्राहीहरुको घर निर्माण गर्न उपयुक्त जग्गाको अभाव भई साधँ जोडिएका वा छिमेकी लाभग्राहीहरुले सामूहिक आवास बनाउन निवेदन दिएमा जोडिएका दुई घरहरू छाना जोडी निर्माण गर्न वा दुई घरको सामूहिक आवास बनाउन स्वीकृति दिन सकिने छ।

(२) उपदफा (१) बमोजिमको कार्यलाई जनता आवास पालिका समन्वय समितिले स्वीकृति दिनेछ।

२४. **<u>गैर सरकारी संस्थाको सहयोग लिन सक्नेः</u>** कार्यक्रम कार्यान्वयनको लागि गैर सरकारी संस्थाबाट प्राविधिक सहयोग लिन सकिनेछ ।

२५. **<u>प्रचलिन कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६. **<u>खारेजी र बचाउः</u>** जनता आवास कार्यक्रम संचालन गर्न छनौटमा परेका लाभग्राहीको छनौट यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

२७. **<u>थपघट तथा हेरफेरः</u>** यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

२८. **<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ अईपरेमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची-१
## दफा ३ को उपदफा (३) सँग सम्बन्धित

लाभग्राहीले दिने निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,

सिरानचोक गाउँकार्यपालिकाको कार्यालय,

छोप्राक, गोरखा ।

विषयः जनता आवास कार्यक्रमको लाभग्राही हुन पाउँ,

म सिरानचोक गाउँपालिकाको वडा नं. .......... को ....................................................टोल निवासी ........................................ (ना.प्र.नं......................) यस सिरानचोक गाउँपालिकामा कार्यान्वयन हुँदै गरेको जनता आवास कार्यक्रममा सहभागी हुनका लागि आफु पनि लक्षित वर्ग भएको भनि मेरो कित्ता.नं ....... मा रहेको जग्गामा आवास निर्माणका लागि “सिरानचोक गाउँपालिकाको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१” वमोजिम आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

निवेदकः

नाम/थरः

ठेगानाः

सम्पर्क नंः

परिवार सङ्ख्याः

परिवारका प्रत्यक सदस्यको नाम/हस्ताक्षरः

(क) श्री
(ख) श्री
(ग) श्री
(घ) श्री
(ङ) श्री

## अनुसूची २

## दफा ४ को उपदफा (१) संग सम्बन्धित

लाभग्राहीको छनौटका आधारहरू

| क.स | विवरण | दिइने अंक | कैफियत |
|---|---|---|---|
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई —१०<br>३० देखि ६० सम्म— ५<br>६० भन्दा वढी — ० | |
| २. | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ६० भन्दा कम —१०<br>६० देखि १०० सम्म— ५<br>१०० भन्दा वढी — ० | |
| ३. | घरभित्रको भुई | माटो — १०<br>ईंटा,ढुङ्गा आदि —५<br>सिमेन्ट — ० | जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढि क्षेत्रफल भएकालाई अङ्क दिने |
| ४. | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी—१५ नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी वा अन्य कच्ची गाह्रो — १०<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टका जोर्नी—५ | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने |
| ५. | घरको छानो | फुस, आसवेटस,स्याउला, प्लाष्टिक सिट आदि — १०<br>खपडा, टायल, टिन — ५<br>ढलान, कर्कट पाता — ० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ६. | घर बस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको — १०<br>नभएको — ० | तर डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातीको घर जति संख्यामा भए पनि- १० |

| | | | |
|---|---|---|---|
| ७. | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) — १०<br>नदी/ताल किनारामा बसोबास गरेको — ० | |
| ८. | जग्गा सम्बन्धित थप विवरण | अन्यत्र जग्गा नभएको— १०<br>अन्यत्र जग्गा भएको— ० | |
| ९. | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका —१५<br>अन्य —० | |

## अनुसूची—३

## दफा ६ को उपदफा (७) सँग सम्बन्धीत

कार्यक्रम कार्यान्वयन इकाई तथा सोझै रकम प्राप्त गर्ने लाभग्राही बीच गरिने संझौताको ढाँचा

१. सम्झौता गर्ने पक्षहरुः .................. र........................................................ ।

२. कार्यक्रम स्थल : जिल्लाः ............गाउँपालिकाः....................................... वडा नः ......

३. उद्देश्यः आवास निर्माण ।

४. कुल लागतः ............................ (लाभग्राहीको सहभागिता बापतको अंश समेत ।)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधिः

(क) शुरु हुने मितिः ............../............/.........

(ख) पुरा हुने मितिः ............/......../..........सम्म

६. खर्च व्यहोर्ने श्रोतः

(क) कार्यक्रमबाट व्यहोरिनेः

(१) नगद रुपैया : ......................।—

(२) निर्माण सामग्री :

(ख) लाभग्राहीबाट व्यहोरिने रकमः

(१) नगद.रु................................

(२) निर्माण सामग्री (मूल्यमा).............

(३) श्रम (मूल्यमा) : ..........................

(४) कूल रकमः...........................

७. भुक्तानीको ढाँचाः

(क) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा **चार** किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणित गर्नेछ ।

(ख) सम्बन्धित लाभग्राही र कार्यक्रम कार्यान्वयन इकाई बीच सम्झौता कार्य भएपछि १०% रकम उपलब्ध गराईने छ ।

(ग) प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भए पछि थप ४० % रकम उपलब्ध गराईने छ ।
(घ) गारो तयार भएपछि थप ३०% रकम उपलब्ध गराईने छ ।
(ङ) छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न गरी सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि बाँकी २०% रकम लाभग्राहीको खातामा उपलब्ध गराईने छ ।
(च) प्रत्येक किस्ताको माईलस्टोन हासिँल भएको नापजाँच र आवश्यक कागजात सहित कार्यक्रम कार्यान्वयन ईकाई मार्फत गाउँकार्यपालिकामा भुक्तानीको लागि पेश गर्नुपर्नेछ।
(छ) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

८. सम्झौताका शर्तहरुः

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ। तर निर्माणको क्रममा कार्यक्रम कार्यान्वयन ईकाईको सहमति लिई स्वीकृत नक्सा तथा डिजाईनमा केही फेरवदल गरि निर्माण गर्न बाधा पर्ने छैन।
(ख) लागत सहभागिता वापत कम्तिमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ ।
(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले ब्यहोर्नु पर्नेछ ।

९. सम्झौताका पक्षहरुः

| कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| कार्यक्रम प्रतिनिधिः | लाभग्राहीको नामः |
| ठेगानाः | ठेगाना |
| दस्तखत/ छापः | ना.प्र.प नं.ः |
| | दस्तखतः |
| मितिः | मितिः |
| साक्षीः | साक्षीः |

## अनुसूची-४

## दफा ६ को उपदफा (५) सँग सम्बन्धित

## कार्यक्रम कार्यान्वयन इकाई तथा निर्माण उपभोक्ता समिति बीच गरिने सम्झौताको ढाँचा

१. सम्झौता गर्ने पक्षहरुः कार्यकम कार्यान्वयन इकाई र श्री ........................................ ............... उपभोक्ता समिति

२. कार्यक्रमः कार्यक्रम अन्तरगत आवास इकाई निर्माण गर्ने ।

३. कार्यक्रम स्थलः जिल्लाः ....... गाउँपालिकाः......................................वडा नं....... टोल/गाउँ.......................

४. निर्माण गरिने कूल आवास इकाई

५. कार्यक्रमको लागतः

(क) कार्यक्रमले व्यहोर्ने रकम.........................

(ख) लाभग्राहीले व्यहोर्ने रकम......................

६. कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधिः

(क) शुरु हुने मिति :२०...../...../.......,

(ख) सम्पन्न हुने मितिः २०...../....../.....

७. खर्च व्यहोर्ने श्रोतः

(क) कार्यक्रमबाट व्यहोरिनेः

१) नगद रुपैया : ..................

२) निर्माण सामग्री :

(ख) लाभग्राहीबाट व्यहोरिने रकमः

१) नगद.रु...............................

२) निर्माण सामग्री (मूल्यमा).............

३) श्रम (मूल्यमा): ..........................

४) कूल रकम :...........................

८. उपभोक्ता समितिको नाम /ठेगाना :.....................................................

९. उपभोक्ता समितिको दर्ता नं/कार्यालय : ..............

१०.उपभोक्ता समितिका पदाधिकारीहरु

| | | | |
|---|---|---|---|
| क) | श्री | : | अध्यक्ष |
| ख) | श्री | : | सचिब |
| ग) | श्री | : | कोषाध्यक्ष |

| | | | |
|---|---|---|---|
| घ) | श्री | : | सदस्य |
| ङ) | श्री | : | सदस्य |
| च) | श्री | : | सदस्य |
| छ) | श्री | : | सदस्य |

११. उपभोक्ता समितिले निर्माण गरिदिने लाभग्राहीहरुको नाम तथा हस्ताक्षरः

| | | |
|---|---|---|
| १. | लाभग्राही श्री | |
| २. | लाभग्राही श्री | |
| ३. | लाभग्राही श्री | |
| ४. | लाभग्राही श्री | |
| ५. | लाभग्राही श्री | |
| ६. | लाभग्राही श्री | |
| ७. | लाभग्राही श्री | |
| ८. | लाभग्राही श्री | |
| ९. | लाभग्राही श्री | |
| १०. | लाभग्राही श्री | |
| ११. | लाभग्राही श्री | |
| १२. | लाभग्राही श्री | |
| १३. | लाभग्राही श्री | |
| १४. | लाभग्राही श्री | |
| १५. | लाभग्राही श्री | |
| १६. | लाभग्राही श्री | |

१२.सम्झौताका शर्तहरुः

(क) स्वीकृत नाप नक्सा तथा डिजाईन अनुसार उपभोक्ता समितिले निर्माण कार्य गराउने छ । तर निर्माणको क्रममा कार्यक्रम कार्यान्वयन ईकाईको सहमतिमा नक्सा तथा डिजाईनमा केही फेरवदल गरि निर्माण गर्न बाधा पर्ने छैन।

(ख) उपभोक्ता समितिले लागत सहभागिता वापत लाभग्राहीले व्यहोर्ने रकमबाट कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय लाभग्राहीलाई निर्माण गर्न लगाउनेछ ।

(ग) उपभोक्ता समितिले कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा लाभग्राहीलाई भुक्तानी दिने प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(घ) उपभोक्ता समितिले हरेक किस्ताको कामको मूल्याङ्कन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई कार्यक्रम कार्यान्वयन इकाई मार्फत गाउँपालिकाको कार्यालयमा भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी गाउँपालिकाको कार्यालयमा समेत पेश गर्नु पर्नेछ ।

१३. भुक्तानीको ढाँचाः

(क) उपभोक्ता समितिको नाममा रहेको खातामा चार किस्तामा रकम उपलब्ध गराइने छ। खाता सञ्चालन उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

(ख) सम्बन्धित उपभोक्ता समिति र कार्यक्रम कार्यान्वयन इकाई बीच सम्झौता कार्य भएपछि १०% रकम उपलब्ध गराईने छ ।

(ग) प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भए पछि थप ४० % रकम उपलब्ध गराईने छ ।

(घ) गारो तयार भएपछि थप ३०% रकम उपलब्ध गराईने छ ।

(ङ) छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न गरी सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि बाँकी २०% रकम लाभग्राहीको खातामा उपलब्ध गराईने छ ।

(च) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

१४. सम्झौताका पक्षहरुः

| कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट | उपभोक्ता समितिको तर्फबाट |
|---|---|
| कार्यक्रम प्रतिनिधिः | समितिको नामः |
| ठेगानाः | ठेगाना |
| दस्तखत/ छापः | अध्यक्षः |
| | दस्तखतः |
| मितिः | मितिः |
| साक्षीः | साक्षीः |

## अनुसूची—५

## दफा ६ को उपदफा (६) सँग सम्बन्धित

उपभोक्ता समिति र लाभग्राहीबीच गरिने संझौताको ढाँचा

१. सम्झौता गर्ने पक्षहरुः .................................. उपभोक्ता समिति र लाभग्राही श्री ............. .................................. ।

२. कार्यक्रम स्थलः जिल्ला : ................ गाउँपालिकाः ...................वडा नंः ............

३. उद्देश्य : आवास निर्माण ।

४. कुल लागत : ............................ (लाभग्राहीको सहभागिता बापतको अशं समेत)

५.प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधिः

(क) शुरु हुने मितिः २०....../......./.......

(ख) पुरा हुने मितिः २०......./....../...... सम्म

६. खर्च व्यहोर्ने श्रोतः

क) उपभोक्ता समितिले कार्यक्रम कार्यान्वयन इकाईसंग गरेको संझौता बमोजिम हुनेछ ।

७. सम्झौताका शर्तहरुः

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ ।

(ख) लागत सहभागिता वापत कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले ब्यहोर्नु पर्नेछ ।

८. सम्झौताका पक्षहरुः

| उपभोक्ता समिति तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| संयोजकः | लाभग्राहीको नामः |
| ठेगानाः | ठेगाना |
| दस्तखत/ छापः | ना.प्र.प.नंः |
| | दस्तखतः |
| मितिः | मितिः |
| साक्षीः श्री कार्यक्रम कार्यान्वयन इकाईको प्रतिनिधि<br>श्री | साक्षीः<br>श्री |

## अनुसूची-६

## दफा ६ को उपदफा (८) सँग सम्बन्धित

जनता आवास कार्यक्रम अन्तर्गत आवास निर्माण कार्यको लागि उपलब्ध गराउने अनुदान रकम

१. यस कार्यविधि वमोजिम गाउँपालिका सँग सम्झौता भएका आवासहरुको निर्माणका लागि तपसिलमा उल्लेख भए अनुसारको अनुदान रकम उपलब्ध गराउने छ।

| सि.नं | क्षेत्र/विवरण | प्रति आवास इकाई निर्माणको लागि उपलब्ध हुने अधिकतम अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १. | पालिका भित्र | ३,५०,०००.०० बढीमा | |

**ठाकुर प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय**
**अधिकृत**